Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

584282

च.नं : MBL/CS/079/80-179

मिति : २०७९/०९/२९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**विषय : वार्षिक साधारण सभा सम्पन्न भएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस माछापुच्छ्रे बैंक लिमिटेडको २४ औं वार्षिक साधारण सभा मिति २०७९।०९।२९ गते सभामण्डप, आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौंमा सम्पन्न भएको छ । उक्त बार्षिक साधारण सभाले निम्नानुसार निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**बार्षिक साधारण सभाका निर्णयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने निर्णय गरिएको ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने निर्णय गरिएको ।

३. यस बैंकको सहायक कम्पनी माछापुच्छ्रे क्यापिटल लिमिटेडको आ.व २०७८/७९ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तिय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने निर्णय गरिएको ।

४. आर्थिक वर्ष २०७९/८० को लागि वर्तमान लेखापरीक्षक एस.ए.आर.एशोसिएट्सलाई पुनः नियुक्त गर्ने र कूल लेखापरीक्षण शुल्क कर बाहेक रु. २०,००,०००/- (बीस लाख रुपैयाँ मात्र) प्रदान गर्ने गरी लेखापरीक्षक नियुक्ती गर्ने निर्णय गरिएको ।

५. सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट नियुक्त हुनु भएका साविक सञ्चालक डा. विरेन्द्र महतोले आफ्नो कार्यव्यस्थताका कारण सञ्चालक पदबाट राजिनामा दिनु भएको हुँदा सञ्चालक समितिले संस्थापक शेयरधनी डा. उपेन्द्र महतोलाई सञ्चालक पदमा नियुक्त गरेको हुँदा सोलाई अनुमोदन गरिएको ।

६. संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्दा ३ जनाको मात्र उमेदवारी परेको हुँदा डा.उपेन्द्र महतो, श्री रोशन के.सी तथा श्री हरिभक्त सिग्देल गरी ३ (तीन) जना नै उम्मेदवारहरु निर्विरोध निर्वाचित हुनुभएको ।

Machhapuchchhre Bank Ltd. Head Office



**Head Office:**
P.O.Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4428556, Fax: +977-01-4425356, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com

ख. विशेष प्रस्ताव :

१. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न) तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कनको लागि मूल्याङ्कनकर्ता नियुक्ती गर्न, गाभ्ने, गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, बैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरिएको ।

भवदिय,

..............................

सुभाष जमरमटेल

कम्पनी सचिव